नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
नागपोखरी, नक्साल, काठमाडौं

# जल तथा मौसम विज्ञान विभागको

# प्रेस विज्ञप्ति

# (२०७२।०१।२२)

२०७२।०१।१२ गते गएको महाभुकम्प कारण खुम्वु क्षेत्र स्थित इम्जा हिमताल विस्फोटन भएको वा हुन सक्ने भन्ने विभिन्न माध्यमवाट आएका समाचार प्रति यस विभागको ध्यान आकृष्ट भएको छ। हालसम्म यस विभागले गरेको अध्ययन अनुसार भुकम्प पूर्व तथा पछिका Satellite Images को तुलना गर्दा सो भुकम्पवाट कुनै क्षति भएको देखिएको छैन । साथै स्थानीय वासिन्दाहरुवाट पनि इम्जा खोलामा पानीको सतह नवढेको तथा पानीको वहावमा कुनै परिवर्तन नभएको जानकारी प्राप्त भएको छ । त्यसैले हालै गएको महाभुकम्पबाट इम्जा हिमतालमा कुनै क्षति नभएको र तल्लो तटिय क्षेत्रमा तत्कालका लागि वाढीको कुनै सम्भावना नरहेको जानकारी गराइन्छ । महाभुकम्पबाट इम्जा हिमताल फुटेको वा फुट्न सक्ने भन्ने हल्लामा सत्यता नभएको हुनाले तल्लो तटिय क्षेत्रका वासिन्दाहरु निर्धक्कका साथ आफ्नो दैनिक क्रियाकलापहरु सुचारु राख्न यो विभाग हार्दिक अनुरोध गर्दछ ।

.....................................

राजेन्द्र शर्मा
प्रमुख,
वाढी भविष्यवाणी शाखा